# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा**

**प्रशासन तथा सूचना प्रकाशन शाखा**

**बागमती प्रदेश अन्तर्गतका स्थानीय तहको प्रशासन सेवा, सामान्य प्रशासन समूह, नवौं तहको पदको**

## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ११५/०७८-७९ प्रकाशन मितिः२०७८/११/०९**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम बागमती प्रदेश अन्तर्गतका स्थानीय तहमा रिक्त पदहरूको आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षावाट छनौट भएका उम्मेदवारहरूको रोजाई प्राथमिकताक्रम अनुसार स्थानीय तह तोकी सिफारिस गरिनेछ। यसरी सिफारिस भएका उम्मेदवारहरूलाई सम्बन्धित स्थानीय तहले नै स्थायी नियुक्ति दिनेछन्। सेवाका सर्त, तलव तथा अन्य सुविधा सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

**आ.प्र. तर्फः**

| क्र. सं. | बि.नं. | किसिम | पद | तह | सेवा | समूह | उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६१५/०७८-७९ | आ.प्र. | अधिकृत नवौं | ९ | प्रशासन | सामान्य प्रशासन | | १ | हेटौंडा उपमहानगरपालिका, मकवानपुर | १ |

**परीक्षाको किसिम** : लिखित, सामूहिक छलफल र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र** : हेटौंडा।

**दरखास्त दस्तुर** : प्रत्येक विज्ञापनका लागि रु.१५००।-(पन्ध्र सय) दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने अवधि** : अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**दरखास्तको माध्यम** : विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेव साइट ppsc.bagamati.gov.np बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरू** : उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात (जिल्ला प्रशासन कार्यालयबाट जारी भएको) लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्रहरू अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना र नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडीको भाग स्क्यान गरी JPG Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति** : २०७८/११/२९ गते सम्म र दोब्बर दस्तुर तिरी २०७८/१२/०६ गते सम्म।

**उम्मेदवारको उमेरको हद** :

- मिति २०७८/११/२९ गते सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको।
- बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**अन्तर्वार्ता हुने मिति र स्थान** : लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** स्थानीय तहको प्रचलित कानून बमोजिम।

**तलब तथा सेवा सुविधा** : स्थानीय तहको प्रचलित कानून बमोजिम।

- **लिखित परीक्षा कार्यक्रमः**

| विज्ञापन नम्बर | पद/सेवा/समूह/उपसमूह | तह | परीक्षा मिति र समय |
|---|---|---|---|
| | | | प्रथम चरण/प्रथम पत्र |
| ६१५/०७८-७९ (आ.प्र.) | अधिकृत नवौं/प्रशासन/सामान्य प्रशासन | ९ | परीक्षा मिति र समय पछि प्रकाशन गरिनेछ । |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**

क. आ.प्र.तर्फको लागि

**अधिकृत नवौं/प्रशासन/सामान्य प्रशासनः**

- "मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण"
- निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ ।
- कर्मचारी समायोजन ऐन, २०७५ को १४(२) बमोजिम बागमती प्रदेश भित्रका स्थानीय तहमा कार्यरत योग्यता पुगेका कर्मचारीहरू (सम्भाव्य)ले दरखास्त पेश गर्न पाउनेछन् ।